मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या कृषि २०८१/८२
चलानी नं. :-

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

## कृषि कर्जामा आवद्ध हुने सम्वन्धी जरुरी सूचना ।
(प्रथमपटक प्रकाशित मिति २०८१/०७/३०)

यस नगरपालिका, खेती भेन्चर प्रा.लि. ललितपुर र एन.एम.वि. बैंक लिमिटेड बिच सम्झौता गरी कृषि ब्यवसायमा आवद्ध किसानहरुको वित्तिय पहुँच वृद्धि गरी कृषकलाई ब्यवसायिक बनाउने उद्देश्यका साथ खेती भेञ्चर प्रा.लि. मार्फत सहुलियत ब्याज दरमा डिजिटल प्रविधिबाट विना धितो **NMB खेती कर्जा** उपलब्ध गराउने सम्वन्धी कार्यक्रम सञ्चालन गर्न लागिएकोले कर्जा लिन चाहने इच्छुक किसान तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/०८/१४ गते) भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**क.कार्यक्रम सम्वन्धी संक्षिप्त विवरण:**

- कर्जा कृषिजन्य सामग्री खरिद र प्रयोगका लागि उपलब्ध गराईने ।
- कर्जा लिन ईच्छुक कृषकहरुले खेति मोवाईल एप र एन.एम.वि.बैंकमा अनिवार्य खाता खोल्नुपर्ने ।
- छनौट भएका कृषकहरुले मोवाईल एप मार्फत कर्जाको लागि आवेदन दिनुपर्ने ।
- कृषकहरुले कुनैपनि कृषिजन्य उपभोगका लागि यस कर्जा सुविधा अन्तर्गत प्रस्तावका आधारमा दशहजार देखी दुईलाख रुपैया सम्म विना धितो कर्जा प्राप्त गर्न सक्ने र कर्जा भुक्तानी न्यूनतम ३ महिला देखी अधिकतम २४ महिना सम्म गर्न सकिने।
- कर्जा रकम सम्वन्धित कृषकलाई उपलब्ध गराउने नभई किसानले सामान खरिद गरेको विक्रेताको खातामा जम्मा गरिने ।
- कर्जा सममासिक भुक्तानी प्रणाली (ईएमआई) मा आधारित रहेकोले कृषकहरुले आफ्नो कर्जा लिने र तिर्ने महिना आफै छनौट गर्न सक्ने ।
- कर्जा **खेती मोवाईल एप** मार्फत उपलब्ध हुने भएकोले यसको लागि कुनै कागजी प्रकृया आवश्यक नपर्ने ।
- कर्जामा बैंकले कायम गरेको न्युनतम ब्याज दरमा २ प्रतिशत सम्म थप गरी ब्याज तिर्नु पर्ने ।
- कृषकको कर्जा योग्यता र कर्जा भुक्तानीको आधारमा पुनः कर्जा लिन पाईने ।
- कार्यक्रमको सम्बन्धमा नगरपालिकाको कार्यालयमा सम्वन्धित कर्जा प्रदायक र कृषकहरु सहित १ दिनको छलफल कार्यक्रम आयोजना गरिने छ ।

**ख. पेश गर्नुपर्ने कागजातहरु:**

१. कर्जा कार्यक्रममा सहभागी हुने सम्वन्धी निवेदन (निवेदकको मोवाईल नं सहित)।
२. कृषि फार्म भए दर्ता/नवीकरण, स्थायी लेखा नं. करचुक्ताको प्रतिलिपि।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
४. प्रस्तावकको नागरिकताको फोटोकपी ।
५. कर्जा लिन चाहेको ब्यवसाय/खरिद गर्न चाहेको कृषि सामग्री सम्वन्धी विवरण ।

*थप जानकारीको लागि खेती भेन्त्रर प्रा.लि. को सम्पर्क नंवर ९८०२३९३२६३ वा यस कार्यालयको कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ ।*

६।३०
गोविन्द कुमार कटेल
लेखा अधिकृत